हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७, ९८५२८२४९६७, ९८५२८३४३१५, ९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : २४ पृष्ठ : ४ २०७७ साउन २४ गते शनिबार (Saturday 8 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## लहानमा नगरपालिकाले उठाउन छाड्यो फोहोर, बजारैभरि दुर्गन्धित



लहान। लहान नगरपालिकाले विगत ११ दिनदेखि बजारको फोहोर उठाउन छाडेका छन्। सरसफाईकर्मीले बजारमा भएको फोहोरलाई झाडु लगाएर ठाउँठाउँमा थुपार्छन्। तर, त्यहाँबाट फोहोरको डुंगुर भने उठाउँदैनन्। फोहोरको डंगुर थुप्रिएर नगर दुर्गन्धित बन्दै गएको छ।

साउन १३ गतेदेखि यता फोहोर उठेको छैन्। नगरपालिकाका सरसफाई संयोजक नथुनी पासमानका अनुसार नगरपालिकाको फोहोरमैला व्यवस्थापन केन्द्रमा फाल्ने विवाद चलिरहेको छ। ''केही महिनादेखि अर्को ठाउँमा फोहोर फाल्थ्यिो। त्यहापनि वर्षा र बाढीको कारण ट्याक्टर जान सक्दैन्,'उनले भने,'त्यही भएर फोहोर जम्मा गरेर त्यतिकै छोड्नुपरेको छ।'

वडा नम्बर ४ स्थित खुट्टि र बलानको नदीको दोभानमा फोहोरमैला व्यवस्थापन केन्द्र छ। त्यहाँ फोहोर फाल्दा समुदायमा असर परेको भन्दै गतवर्षदेखि वडाका वासिन्दाहरुले रोक्न खोजेको छ। लहान नगरपालिकाको शहरी क्षेत्र १ देखि १० नम्बर सम्मका वडामा दैनिक जम्मा हुने फोहोर त्यहाँ फाल्दै आएको थियो।

लहान नगरपालिकाको मुख्य सडकमा पर्ने पूर्व बलान नदीदेखि पश्चिम सरस्वती खोलासम्मको विभिन्न स्वास्थ्य संस्था, होटल, मासु पसल, तरकारी बजार तथा निजी घरबाट निष्कासन हुने फोहोर नगरबासीले सडकमै थुपार्ने गरेका छन्। 'फोहोर व्यवस्थापन केन्द्रबाहेक अन्यत्र फोहोर फाल्ने ठाउँ छैन्,' मेयर मुनिलाल साहले भने,'हामी त्यही फोहोर फाल्नलाई छलफल गरिरहेका छौं।' छलफल भइरहेको तर, सहमति नजुटेको वडा नम्बर ४ का वडाअध्यक्ष रामनाथ पंडितले बताए। फोहोर व्यवस्थापन केन्द्रमा अव्यवस्थित तरिकाले फोहोर फालेपछि बस्तीमा असर पर्दा वडाबासीले अवरोध गरेको उनले सुनाए।

## शिक्षक सरुवामा इकाईको ध्यानाकर्षण

सिरहा। अधिकार विपरीत लहान नगरपालिकाले गरेको शिक्षक सरुवाको विषयमा संघर्षरत शिक्षकहरुले जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ सिरहालाई ध्यानाकर्षण गराएका छन्। प्रचलित शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ नवौं संशोधन कायम रहेकाले यो ऐन र नियमावली बमोजिम पालिकाहरुलाई शिक्षकको सरुवा गर्न अधिकार नभएको भन्दै संयुक्त संघर्ष समितिले इकाइलाई ध्यानाकर्षण गराएको हो। ध्यानाकर्षण पत्र बुझाउँदै संघर्ष समितिले लहान नगरपालिकाले आफैले ल्याएको

–बाँकी दुई पेजमा

विकासका लागि उपभोक्ता समिति
पालिका बहस
पेज नं. ४

## सिरहामा कोरोनाबाट एकको मृत्यु

वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा मृत्यु भएको कोरोना भाइरस संक्रमितको शव नेपाली सेनाले व्यवस्थापन गरेको छ। गोलबजार नगरपालिका-१२ बेतौनाका २२ वर्षीय युवाको शव शुक्रबार गोलबजार-२ स्थित गागन नदीमा व्यवस्थापन गरिएको छ। सेनाले सलामीसहित शव व्यवस्थापन गरेका थिए।

मृतकसँग सम्पर्कमा आएका १३ जनालाई क्वारेन्टिन गरिएको गोलबजार नगरपालिकाको क्वारेन्टिन संयोजक एवं स्वास्थ्य चौकी प्रमुख निरन्ज शाक्यले बताए। परिवारका पाँच जना सदस्य, आफन्त र नजिकका छिमेकीलाई क्वारेन्टिन गरिएको छ। टोल बस्तीका कन्ट्याक्ट ट्रेसिङ, ट्र्याकिङ, र टेस्टिङ गर्ने कार्य अघि बढाइएको उनले बताए।

किडनीका बिरामी उनको नियमित डायलासिस प्रादेशिक अस्पताल जनकपुरमा भइरहेको थियो। चार दिनअघि डायलासिसका लागि जनकपुर पुगेका उनको पिसिआर परीक्षणका लागि स्वाब लिइएर घर पठाइएको थियो। घर फर्केपछि साउन २१ गते दिउँसो उनको रिपोर्ट पोजेटिभ आएको थियो। सोही दिन उनलाई प्रादेशिक कोभिड अस्पताल जनकपुर पठाइएको थियो।

प्रादेशिक कोभिड अस्पतालका संयोजक डा. जामुनप्रसाद सिंहकाअनुसार किडनीको नियमित डायलासिस गराउँदै भएपछि उनको स्वास्थ्य अवस्था बिग्रिदै गयो। आइसियुमा थप उपचार हुँदै गर्दा उनको मृत्यु भएको डा. सिंले बताए। किडनीका बिरामीलाई कोरोना संक्रमण भयो भने उच्च जोखिम हुन्छ डा.सिंहले भने,'बाँकी ६ जना कोरोना संक्रमित किडनीका बिरामीलाई पनि उच्च जोखिम



आएका सात जना बिरामीमा कोरोना पोजेटिभ पुष्टि भएको छ। उनीहरु सबैलाई डायलासिस गराउन यहाँबाट बीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुर्याउने र डायलासिसपछि एम्बुलेन्समा फेरी यहाँ ल्याउने गरिँदै आएको डा. सिंहले बताए।

सोही क्रममा उनलाई बिहीबार बिहान एम्बुलेन्समा राखेर डायलासिसका लागि धरान पठाइएको थियो। डायलासिस छ। हामीले नियमित धरान पुर्याउने ल्याउने गरिरहेका छौं।'

कोरोना संक्रमित किडनीका बिरामीका लागि जनकपुरमा डायलासिसको सेवा उपलब्ध छैन। यो सेवा संचालनका लागि मेसिन खरिद गरिसकिएको छ डा. सिंहले भने,'काम सुरु भैसकेको छ। दुई सातापछि यो सेवा प्रादेशिक कोभिड अस्पतालबाटै उपलब्ध हुन्छ।' कोरोनाबाट सिरहामा मृत्यु भएको यो पहिलो हो।

## सिरहामा कोरोना जितेर १४ जना घर फर्के



लहान। शुक्रबार सिरहामा १४ जना कोरोना भाइरस(कोभिड-१९)को संक्रमण मुक्त भएर घर फर्केका छन्। धनगढीमाई नगरपालिका स्थित विशेष कोरोना अस्पतालबाट १० जना र जिल्ला अस्पताल सिरहाको आइसोलेसनबाट ४ जना डिस्चार्ज भएको छ।

''संक्रमितहरुलाई २ देखि ५ पटक सम्म पीसीआर जाँच गरिएको थियो। एक जनाको आरडीटि जाँचको रिर्पोट नेगेटिभ आएको थियो। उनीहरुको रिर्पोट नेगेटिभ आएपछि घरमा अनिवार्य रुपमा १४ दिन क्वारेन्टाइन बस्ने भनी डिस्चार्ज गरिएको छ,' कोरोना विशेष अस्पतालका इन्चार्ज डाक्टर सुभाषचन्द्र मण्डलले भने,''२ हप्तादेखि १ महिना सम्मको यहाँ राखेर उपचार गरिएको थियो।'

कोरोना विशेष अस्पतालमा संक्रमित महिलासँग उनको ४ महिना बच्चा पनि थियो। उनलाई पनि डिस्चार्ज गरिएको डाक्टरले मण्डलले बताए। उनीहरु डिस्चार्ज भएसँगै सिरहामा अब १४ जना मात्रै कोरोना संक्रमण विरामी छन्।

हार्दिक शुभकामना



सिरहाको लहानबाट "लहान पोस्ट" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु।

राजदेव साह (लालबाबु)
नेपाली काँग्रेस गोलबजार नगर समिति अध्यक्ष

*कला/संस्कृति/साहित्य/विविध*

## चौबटिया

*चौबटियामा 'दर्दिला'को साहित्य यात्रा*

# "अखनो अन्हार लगैय"


कवि तथा गीतकार 'दर्दिला'

*मैथिली भाषाको विकास र संरक्षणमा लागि परेका कवि तथा गीतकार अर्जुन प्रसाद 'दर्दिला' गाउँबस्तीमा बोलिने मैथली जनभाषालाई आफ्नो गीतमा उतार्न 'दरद' निकाल्ने तयारीमा छन् ।*

*मैथिली भाषाको कृति 'अखनो अन्हार लगैय' कविता संग्रहबाट मिथिला क्षेत्रमा चर्चित बनेका दर्दिलाले सिरहा, सप्तरीका गाउँ वस्तीमा बोलिने मैथली जनभाषालाई आफ्नो गीतमा उतार्ने तयारी अन्तिम चरण पुगेको जानकारी दिए । तर लकडाउनका किर्ती प्रकाशनमा अवरोध पुगेको छ ।*

*सिरहा, सप्तरी, धनुषा क्षेत्रमा बोलिने लोकलयलाई 'अखनो अन्हार लगैय' कविता संग्रहले सफलता चुमेको थियो । लहान नगरपालिका–१० का स्थायी वासिन्दा उनले सानै छूदा आमा धरोहरी देवीको देहान्तपछि टुहुरो जीवन बिताउन विवश भएपछि आफ्नो उपनाम 'दर्दिला' राखेको सुनाए । त्यो नाम नै अहिले ५८ वर्षीय गुप्ताको पहिचान बनिसकेको छ । र, जीवनको पर्यायपनि । उनको लिखित रचनाहरु निरासावादी हुनुमा सायद आफ्नै वेदना हुनसक्छ । टुहुरो जीवन बिताउनु पर्दाको पीडाकैं कारण प्रवेशिकासम्म मात्र अध्ययन गर्न पाएको उनले सुनाए ।*

*'लिपी, श्रव्य र दृश्य जगतमा मैथिली भाषाले जबसम्म पकड जमाउन सक्दैन, तबसम्म मैथिली भाषाको विकास र संरक्षण पनि हुन सक्दैन,' उनको कथन छ, 'जुन भाषाले मानव जातीको हृदयलाई जित्न सकेको छ, त्यो भाषाको विकास भएको छ ।' आफ्नो मैथिली लेखनलाई आफ्नो पहिचानसूग जोड्दै उनी भन्छन् 'ऐतिहासिक, पौराणिक भाषा मैथिली लेखनलाई आफ्नो पहिचानसूग जोड्दै मैथिली भाषा लेखी रहनुमा गर्व ठान्दछु ।*

*'दरद' सूगै दुई गीति एलवम (मैथिली) निकाल्ने तयारीमा छन् उनी । उनका रचित करिब ३७ वटा गीत मध्ये ३० वटा मैथिली, ६ वटा नेपाली, एउटा हिन्दी गीत बजारमा आईसकेको छ । ८ वटा मैथिली फिल्ममा समेटिएको छ ।*

*दर्दिलाद्वारा रचित प्रियतमा एलवममा समेटिएको 'ए सजनी हमर', 'नजर केकरा लागल' मैथिली गीतहरु चर्चित छन् । त्यसैगरी मैथिली फिल्म जियब हम अहिके लेलमा समेटिएको 'प्यार करबे करब सजनी', 'नजरसू नजर' गीत मिथिलाका युवा युवतीमाझ लोकप्रिय बन्यो । त्यसैगरी फिल्म सेनुर साजनकेमा समेटिएको 'सावनके एक राति छल', 'विनलिखल अहू गजल छी', 'लागल योवनके रोग बालमजी' गीतले दुई वर्षअघिसम्म बजार तताएको थियो ।*

*आफ्नै मातृभाषामा कलम चलाइ गीतको माध्यमबाट मैथिली संगीतको आकाशमा आफ्नो स्थान हासिल गर्न प्रयासरत दर्दिलाले पहिलो पटक मैथिली गीत गजल साँझ– २०६७ आयोजना गरेका थिए । गीत, कविता र साहित्य क्षेत्रमा लागी मैथिली भाषाको विकासमा आफ्नो योगदान पुऱ्याए वापत २०६९ मा समग्र एफएमबाट र नयू नेपाल एकिकृत विकास केन्द्र सुखीपुरले सम्मान गऱ्यो । त्यस्तै २०७० मा मधेस स्पेसल डट कमबाट सम्मानित भए । २०६८ मंसिर २६ मा राजा पुरादित्य एवं महाकवि विधापति स्मृति प्रतिस्ठान राजगढद्वारा आयोजित तिन दिने मैथिली कविता प्रतियोगितामा तृतिय स्थान प्राप्त गरे ।*

## शिक्षक...

ऐनलाई आधार बनाइ पालिकाभित्रका शिक्षकको सरुवा गरेको जनाएको थिए ।

लहान नगरपालिकाले छैठौ नगरसभाबाट लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ चौथो संशोधन पारित गरेको थियो । शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका प्रमुख रेश्मिराज अर्यालले संघर्षरत शिक्षकहरुको माग प्रति ध्यानाकर्षण भएको जनाउँदै पालिकाहरुले मापदण्ड विपरीत आफूखुशी शिक्षकको सरुवा गर्न नमिल्ने बताएको संयुक्त संघर्ष समितिले जनाएको छ । संयुक्त संघर्ष समितिले बिहीबार लहानस्थित ललकुमावि प्रांगणमा पत्रकार सम्मेलन गरी संघर्षमा उत्रने घोषणा गरेको थियो । यसैबीच अपांग, अनाथ, असहाय सामुदायिक विकास केन्द्र सिरहाले ऐनमा भएका व्यवस्था विपरीत अपांगता भएका शिक्षकको समेत सरुवा गरेको भन्दै विरोध जनाएको छ ।

# प्रधानमन्त्रीले 'पोलिसी सिफ्ट' गरेपछि सबै कुरा बिग्रियो

**प्रचण्ड, नेकपा अध्यक्ष**

देशभित्र र देश बाहिरका प्रतिक्रियावादीहरु कोही चाहँदैनन् कि कम्युनिस्ट पार्टी एकतावद्ध रहिरहोस् । उनीहरुले यो छिटोभन्दा छिटो विभाजित होस्, क्षतविक्षत होस् भन्ने चाहेका छन् । उनीहरुले गठबन्धन गर्दाका दिनदेखि यो गठबन्धन असफल पार्नका निम्ति कोसिस गरे । हामीले त्यसको प्रतिवाद गरी नै राख्यौं ।

चुनावपछि दुईवटा पार्टीको एकताचैं नहोस् भनेर प्रयत्न गरे । हामीले त्यसको प्रतिवाद गऱ्यौं र एकता गर्न सफल पनि भयौं । एकता गरेको दिनदेखि यो पार्टी विभाजित होस्, यसका नेताहरुका बीचमा विवाद चर्किएर जाओस्, फाटो परोस् भन्ने कसरतमा छन् । यो बुझ्न सकिने कुरा हो ।

साम्राज्यवादी शक्तिहरु, प्रतिक्रियावादी शक्तिहरु, सबैखाले प्रतिगमनकारी शक्तिहरु यो कम्युनिस्ट पार्टी कमजोर पार्न चाहन्छन् । कमजोर पार्नका लागि उनीहरुले जहिले पनि गलत विचार, गलत सिद्धान्त, गलत कार्यशैली र गलत संस्कार अपनाउने तत्वहरुलाई उनीहरुले उपयोग गर्न चाहन्छन् । उनीहरुमार्फत उल्झ्याउन चाहन्छन् । कम्युनिस्टहरुको एकतालाई भत्काउन चाहन्छन् ।

हामीले अहिले पनि पार्टी एकता अक्षुण रहनुपर्छ र सुदृढ हुँदै जानुपर्छ, हामीभित्रका कमीकमजोरीहरु सच्याउनुपर्छ, सच्याउन तयार हुनुपर्छ, आलोचना गर्नुपऱ्यो, आत्मालोचना गर्नुपऱ्यो र रुपान्तरणका निम्ति प्रतिवद्धता हुनुपऱ्यो भन्नेमा जोड दिएका छौं । हामीले यति भनेको अर्कोलाई निशेष गर्नका लागि भनिराखेको होइन ।

हामी मार्क्सवादी, लेनिनवादी हुनपऱ्यो । हामी पार्टी एकताको पक्षमा हुनुपऱ्यो, फुटको पक्षमा होइन । हामी अग्रगमनको पक्षमा हुनुपऱ्यो, पश्चगमनको पक्षमा होइन । हामी सामूहिक निर्णयको पक्षमा हुनुपऱ्यो, व्यक्तिगत निर्णयको पक्षमा होइन । हामी समूहको अधीनस्त हुनुपऱ्यो, व्यक्तिको अधीनस्त समूह होइन । यसलाई केपीजीको विरोध वा निषेध गर्न खोजेको अर्थमा बुझिनु हुँदैन । यो समग्र पार्टीलाई रुपान्तरण गर्ने, सच्याउने र राम्रो दिशातिर लैजाने उद्देश्यद्वारा प्रेरित हो भनेर बुझिदिन जरुरी छ । कसैलाई निषेध गर्न होइन, सबैलाई रुपान्तरण गरेर पार्टी एकताको आधार बलियो होस् भनेर बहस भएको हो भन्ने बुझिदिन जरुरी छ ।

अहिले हामीले जे लडेका छौं, राजनीति भनेको रक्तपातहीन युद्ध होर युद्ध भनेको रक्तपातपूर्ण राजनीति हो भन्ने परिभाषा वैज्ञानिकै परिभाषा हो । हामी अहिले पनि संघर्षमै छौं ।

**यो संघर्षको केका लागि ?**

अहिले देशमा चलिरहेको राजनीतिक असहजता र हाम्रो पार्टीभित्र चलेको बहस र संकटको स्थितिको सैद्धान्तिक, वैचारिक र राजनीतिक कारण के हो ?

म यसमा अलि जोड दिएर के भन्न चाहन्छु भने यो अहिले चलेको छलफल हामीले यो कम्युनिस्ट पार्टीलाई मार्क्सवाद, लेनिनवादका आधारमा निर्देशित पार्टी बनाउने कि वा बुर्जुवा मान्यताहरुलाई पक्डेर अगाडि जाने भन्ने बहस हो । त्यसकारण यसभित्र गम्भीर दार्शनिक र सैद्धान्तिक बहस अन्तरनिहित छ । मार्क्सवादलाई नै सैद्धान्तिक आर्दश मानेर त्यसको निर्देशनमा चल्ने र समाजलाई त्यहीअनुसार रुपान्तरण गर्न प्रयास गर्ने कि यथास्थितिमा बुर्जुवाहरुको जुन बर्चस्व देखिएको छ, त्योसँग तालमेल गरेर जाने भन्ने बहस हो यो । अर्को, कम्युनिस्ट पार्टीलाई निश्चित राजनीतिक मान्यता अन्तर्गत संगठित गरेर जाने कि यसलाई एउटा अराजक भिडका रुपमा लिने मुद्दा पनि यसभित्र अन्तरनिहीत छ ।

र, लामो वर्गसंघर्ष र बिचार संघर्षका रुपमा विकसित संगनात्मक सिद्धान्त (लेनिनवादी संगठानात्मक सिद्धान्त र जनवादी केन्द्रीयता) लाई अवलम्बन गरेर जाने कि व्यक्तिलाई केन्द्रविन्दुमा राखेर अरु सबै सिद्धान्तहरुलाई अवमूल्यन/अपमान गरेर जाने भन्ने बहस यसभित्र अन्तरनिहीत छ ।

अनि, पार्टीको अधिनमा व्यक्ति हुने हो कि, व्यक्तिको अधिनमा पार्टी हुने हो भन्ने ठूलो सिद्धान्तको बहस पनि यसभित्र अन्तरनिहीत छ । समाजमा विवेकले सत्ताको नेतृत्व गर्ने हो कि, सत्ताले विवेकको नेतृत्व गर्ने ? हिजो हामी युद्धरक्रान्तिका बेलामा भन्ने गर्दथ्यौं बन्दुकले पार्टी चलाउने हो कि पार्टीले बन्दुक चलाउने ? विश्वव्यापीरुपमा स्थापित सिद्धान्त के हो भने पार्टीले बन्दुक चलाउनुपर्छ, त्यो भनेको विवेकले सत्ता चलाउनुपर्छ भनेको पनि हो । सत्ताले विवेक चलाउने होइन । त्यसकारण यसभित्र अहिले हामीकहाँ पार्टीले सरकारलाई नीतिगत र मुलभूत निर्णयहरु गर्दा पार्टीको निर्देशनमा गर्ने कि सरकारले गर्ने ?

बुर्जुवा प्रजातन्त्रमा प्राइमिनिस्टर 'अल इन अल' भन्ने एउटा मान्यता छ । यद्यपि अहिलेको हाम्रो संविधानले त्यो कुरालाई मान्दैन । तर, पनि बुर्जुवाहरुले त्यो कुरालाई आमरुपमा स्थापित गर्ने प्रयास गर्दै आएका छन् । तर, त्यो कुरालाई कम्युनिस्ट पार्टीले मान्दैन । पार्टीले नीतिगत र मुलभूत निर्णयहरु पार्टीमा सामूहिक निर्णयका आधारमा अगाडि बढाउँछ र सरकारले त्यसको पालना गर्नुपर्छ भन्ने कुरा हो । त्यसकारण यो बहस पनि गम्भीर सैद्धान्तिक महत्वको बहस हो ।

**हामीले सामूहिक निर्णय र व्यक्तिगत उत्तरदायित्वको सिद्धान्तको पालना गर्ने कि व्यक्तिगत निर्णयको सामूहिक जिम्मेवारी लिइदिनुपर्ने ? यो उल्टो, विज्ञानविरोधी, इतिहासका आधारभूत नियमविरोधी, मार्क्सवाद लेनिनवादका आधारभुत सिद्धान्त विरोधी तरिकाले चल्ने ?**

तपाईं–हामीले हेर्यौं भने अहिले निर्णयहरु व्यक्तिले गर्ने र समूहले त्यसको जिम्मेवारी लिइदिनुपर्ने । समूह त्यो निर्णय प्रक्रियामा सामेल हुन नपर्ने, नपाउने, नदिने, जे भनेपनि हुन्छ । तर, व्यक्तिले गर्ने निर्णयलाई समूहले जिम्मेवारी लिइदिनुपर्ने जस्तो जो भएको छ, त्यो पनि गम्भीर महत्वको सैद्धान्तिक विषय नै हो ।

हामी अर्थतन्त्र निर्माणको सन्दर्भमा नवउदारवादी पुँजीवादको बाटो पक्डेर जाने कि ? जस्तो–कि एमसीसीमा सम्झौता गर्दा त्यतिबेला प्रष्टसँग नवउदारवादी अर्थतन्त्रको पालना गरेको हुनुपर्ने एमसीसी सम्झौता स्वीकृतिका लागि भन्ने कुरामा नेपालले सहमति जनाएको देखिन्छ ।

अहिले हाम्रो सरकार पनि त्यही नवउदारवादी अर्थतन्त्रको बाटोमा, नवउदारवादी पुँजीवादको बाटोमा जान खोजेको र त्यसमा सैद्धान्तिक प्रतिवद्धता पटक–पटक व्यक्त गरेको देखिएको छ । यसले समाजवादतिर होइन, पुँजीवादी अराजकतातिर, वर्गहरुको विभेदलाई घटाउने होइन, वर्ग विभेदलाई बढाउँदै लाने बाटोतिर जान्छ, त्यसकारण योठीक छैन भन्ने बहस हो यो । समाजवादतिर जानका लागि सामाजिक न्यायसहित हामीले तीनखम्बे नीति भनेका छौं । सार्वजनिक, निजी र सहकारीको सन्तुलित र समन्वयका साथ अगाडि बढेर मात्रै समाजवादतिर जान सकिन्छ भन्ने हाम्रो संविधानको पनि परिकल्पना छ । र, हाम्रो पार्टीको घोषणापत्र, एकताका बेलाका हाम्रा सबै घोषणापत्र र सहमति पनि त्यही दिशातिर छन् । तर, हाम्रा कदमहरु, व्यवहारिकरुपमा त्यता गएका छन् त भन्दा त्यता गएका छैनन् ।

यसरी हेर्दा पुँजीवादतिर गएर समाजवाद हुन्छ ? पुँजीवादको बिउ रोपेर समाजवादको फल फल्छ त ? भन्दा, यो कहीं कतै असम्भव कुरा हो । हामीले यो बहस गर्नुपर्ने भएको छ । हामी कुन बाटो जाँदैछौं ? हामी संविधानमा निर्देशित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले निर्देशित समाजवादउन्मुख दिशातिर अगाडि बढ्दैछौं कि हामी पुँजीवाद उन्मुख हुँदैछौं भन्ने पनि अहिलेको बहसको एउटा महत्वपूर्ण मुद्दा हो ।

संगठनभित्र आउँदा पनि हामीले निश्चित विधि पद्दतिमा चल्ने कुरामा प्रतिवद्धता व्यक्त गर्ने कि नीति, विधि, पद्दति केही पनि होइन । एकचोटि निर्वाचित भएपछि नेता नै सबै कुरा हो भन्ने सिद्धान्त अपनाउने हो कि ? होइन । प्रत्येकपटक हामीले कमिटीको सर्वोच्चता, पार्टीको सर्वोच्चतालाई स्वीकार्नुपर्ने हुन्छ र व्यक्ति त्यसको अधीनमा हुन्छ भन्ने कुरालाई निरन्तर अंगीकार गर्ने भन्ने विषय पनि यसभित्र अन्तरनिहीत छ ।

हामीले सामूहिक निर्णय र उत्तरदायित्वको कुरा गर्दा यो सबैलाई लागू हुने कुरा हो । कम्युनिस्ट पार्टीमा जतिसुकै माथिल्लो स्तरमा पुगेको नेतालाई पनि त्यसले निरन्तर परीक्षा पास गरेको जस्तै जाँच दिइरहनुपर्ने हुन्छ । माथि पुगेपछि अब मैले टेष्टेड हुनुपर्दैन भन्ने हुँदैन । कम्युनिस्ट पार्टीभित्र आफ्नो आवश्यकता र औचित्यपूर्ण विधि र पद्दतिमा बसेर सिद्ध गर्न सक्नुपर्ने हुन्छ । बाँचुञ्जेलसम्म पद्दतिभित्र बस्नैपर्ने हुन्छ । र, मात्रै त्यो कम्युनिस्ट पार्टीको सदस्य वा कम्युनिस्ट पार्टीको जिम्मेवारी लिन लायक हुन्छ । त्यसकारण, यहाँ बहस त्यो विषयमा पनि छ । निश्चित तहमा पुगेपछि के उनीहरु अनुशासनभन्दा माथि हुने हो ? उनीहरु शासक जस्तो हुने हो ? या हिजो हामी जो विभिन्नखालका तानाशाहहरुसँग लड्यौं, अब फेरि त्यही ठाउँमा जाने हो ? या हामी साँच्चै नयाँ संस्कार र नयाँ संस्कृतिको स्थापना गरेर जाने हो भन्ने जस्ता असाध्यै महत्वपूर्ण सैद्धान्तिक, रणनीतिक मुद्दाहरु अहिले हाम्रो बहसमा छन् ।

यो बहसमार्फत मार्क्सवादी लेनिनवादी सिद्धान्त, पद्दति र संगठनात्मक विधि प्रक्रियालाई लामो संघर्ष र बलिदानीबाट स्थापित वैज्ञानिक मान्यताहरुमा टेकेर विकसित र परिमार्जित गर्दै निरन्तर अगाडि बढ्दै जाने प्रक्रियाका हामी पक्षपाती हौं । यही अनुसार नै पार्टी एकता भएको हो । र, यी विषय हामीभित्रका गम्भीर सैद्धान्तिक बहसका विषय हुन् ।

**यो पदको छिनाझप्टी होइन**

यहाँ अहिले जसरी भनिएको छ, सायद पदको छिनाझप्टी हो कि भन्ने कुरा । म के कुरा प्रष्ट गर्न चाहन्छु भने हामीले पार्टी एकता गर्दा पनि पदको छिनाझप्टीका रुपमा लिएनौं । यो देशको आवश्यकता हो, कम्युनिस्ट आन्दोलनको आवश्यकता हो र पार्टी र देशका हजारौं हजार नेता कार्यकर्ताहरुको जीवन र भविष्यसँग सम्बन्धित कुरा हो भनेर पार्टी एकता गऱ्यौं । हामीले नेतृत्व लिने वा पद प्राप्तिका निम्ति होइन, पदत्यागका रुपमा एकतालाई लिएका हौं ।

मैले पटक–पटक भनेको छु चाहे त्यो संविधान बनाउने बेलामा होस्, चाहे गठबन्धन गरेर चुनावमा जानेबेलामा होस्, म त्यतिबेलाको एउटा समूहको अध्यक्षको हैसियतले त्यो समूहको प्रतिनिधित्व गर्दै त्यहाँ पनि सल्लाह गरेर नै प्रधानमन्त्री कतैबाट अफर आयो भने पनि हामीले लिनुहुँदैन, संख्यालाई पनि महत्व दिनुपर्ने हुन्छ, त्यसकारण केपी ओलीलाई नै प्रधानमन्त्रीका रुपमा प्रस्तुत गर्नुपर्छ भनेर गठबन्धन र पार्टी एकता गरेको हो । त्यसकारण यो पदका लागि थिएन । कसैका लागि यो पदका लागि होला । सबैलाई त म भन्दिनँ पनि, होइन पनि । तर, हामीहरुका लागि त्यो पद प्राप्तिको भऱ्याङ थिएन पार्टी एकता । पार्टी एकतापछि थुप्रै जिकज्याकहरु भए पनि यो देशमा राजनीतिक स्थायित्व, कम्युनिस्ट आन्दोलनको राम्रो भविश्य र विकास र समृद्धिको एउटा नयाँ यात्रा, समाजवादतिरको यात्रा सुरु गर्ने उद्देश्यद्वारा प्रेरित थियो पार्टी एकता ।

–बाँकी तीन पेजमा

## प्रधानमन्त्रीले...

र, हामीले त्यसै गर्‍यौं।।

मंसिर ४ को कुरा गर्दा त्यतिबेला पनि मैले पदको कुरालाई उदारतापूर्वक, पछि झमेला र कचिङ्गल हुने जस्तो देखेर पनि मैले यदि पार्टीको कार्यकारी अध्यक्षका रुपमा पार्टी सञ्चालन गर्ने जिम्मेवारी पाउने हो भने अर्को अढाई वर्ष प्रधानमन्त्री हुने कुनै हतारो पनि छैन, त्यस्तो रुची पनि छैन, पार्टी राम्रोसँग चलोस्, सरकार राम्रोसँग चलोस्। त्यो नै ठूलो कुरा हो भनेर मंसिर ४ गते भएको सहमति राम्रोसँग बुझिदिनुभयो भने यथार्थ के रहेछ भन्ने बुझ्न सजिलो हुन्छ।

त्यसकारण यो पदको लडाइँ थिएन हाम्रा लागि। हाम्रा लागि पदत्यागको प्रक्रियाद्वारा पार्टीलाई एकतावद्ध राख्ने, आन्दोलनलाई बलियो बनाउने प्रयास हो भनेर प्रष्ट गर्न चाहन्छु। अहिले पनि चलेको बहस अहिले पदप्राप्तिको भन्ने विलकुल गलत हो।

### पोलिसी सिफ्ट गरेर अराजकतातिर लगियो

गएको केन्द्रीय समितिको बैठकसम्म आउँदा मैले अध्यक्षको हैसियतले, एउटा स्थायी समितिको बैठकको अध्यक्षता गरेँ र एउटा केन्द्रीय समितिको अध्यक्षता गरेँ। दुईटा सचिवालयका बैठक, एउटा स्थायी समितिको बैठक र एउटा केन्द्रीय समितिको बैठक सम्भवत पार्टी एकता गरेपछिका सबैभन्दा जनवादी छलफल र वातावरणमा सम्पन्न भएका बैठकहरु हुन्।

सबै निर्णयहरु सर्वसम्मतरुपमा लिएका हुन्। निर्णयहरु पनि मुलभूत रुपमा सही भए र केन्द्रीय समितिको बैठकमा आउँदा त पूर्वसमूहका आग्रह–पूर्वाग्रह मेट्नेसम्मका उल्लेख्य सहकार्य, अन्तरक्रिया भए र सामूहिक निर्णय लिने थलोका रुपमा केन्द्रीय समितिको बैठकको निर्णयलाई राम्रैसित स्थापित गरियो पनि।

केन्द्रीय समितिका सबै सदस्यहरु र वरिष्ठ नेताहरुको सहयोगमा सफलतापूर्वक सम्पन्न भए। हलबाट निक्लँदा केन्द्रीय समितिका सबै सदस्यहरुको अनुहार उज्यालो, नयाँ भरोसा, नयाँ आत्मविश्वास, अब पार्टी बन्ने भयो, अब आन्दोलन जाने भयो, अब राम्रो हुने भयो भन्ने एउटा नयाँ विश्वास लिएर नै केन्द्रीय समितिका कमरेडहरु बाहिर निस्केको स्थिति थियो।

तर, दुर्भाग्य, केही साथीहरुलाई, अझ अर्को अध्यक्ष र प्रधानमन्त्री समेतलाई पनि त्यो सफल केन्द्रीय समितिको बैठक साँच्चै बिडम्बना जस्तो भयो। र, उहाँहरुले अलग भेला गरेर अबचाहिँ हाम्रो स्थिति रक्षात्मक भयो भन्दै पोलिसी सिफ्ट गर्नुपर्‍यो भनेर उहाँहरुले पोलिसी सिफ्ट गर्नुभयो।

एउटा गोप्य गुटको भेला गरेर पोलिसी सिफ्ट के गर्नुभयो भने अब पूर्वएमाले जतिलाई एकारित पार्नपर्‍यो, पूर्वमाओवादीमाथि आक्रमण गर्नपर्‍यो र पूर्वमाओवादीभित्रका पनि असन्तुष्ट कोही छन् भने तिनलाई तान्ने कोसिस गर्नपर्‍यो र प्रचण्डमाथि मुख्यरुपमा र प्रचण्ड नजिक भएकाहरुमाथि मुख्यरुपमा आक्रमण गर्नुपर्‍यो भनेर केन्द्रीय समितिको बैठक भएको केही दिनपछि उहाँहरुले पोलिसी सिफ्ट गर्नुभयो।

सफल केन्द्रीय कमिटीको बैठकबाट त उत्साहित भएर ल राम्रो भयो भनेर झन अगाडि जान सहयोग गर्नुपर्नेमा पोलिसी नै सिफ्ट गरेर अराजकतातिर लैजाने प्रक्रियाको सुरुवात भयो।

मैले प्रधानमन्त्रीसित अर्का अध्यक्षसित कुरा गर्दा पनि मैले भन्ने कुरा के हो भने तपाईंहरुले पोलिसी सिफ्ट गरेपछि सबै कुरा बिग्रियो। १५ दिनभित्र सक्ने भनेको एकता प्रक्रिया सक्नै नदिनेतिर तपाईहरु जानुभयो। बैठक बस्नै नदिनेतिर जानुभयो र अहिले सबै चिज ठप्प भयो।

बल्ल–बल्ल सचिवालय बसेर एकाध गरेका निर्णय पनि अर्को अध्यक्षले म मान्दिनँ भन्दिएपछि चाहिँ अब ठूलो क्राइसिसतिर पार्टी गयो। सचिवालयमा उहाँसमेत भएर निर्णय गरिएको २ घण्टापछि म यो निर्णय मान्दिनँ भन्दा पनि हेरेर बस्नुपर्ने जस्तो बिचित्रको स्थिति पैदा भयो। त्यसपछि पनि लगातार, पार्टीसँग सल्लाह नगरी, पार्टी कमिटीमा कहीँ बहस, छलफल नगरिकन थुप्रै कामहरु हुन थाले।

तपाईंहरुले देख्नुभएको छ, राजदुत नियुक्ति, राजदुत फिर्ता, भीसी नियुक्ति, भूमि आयोगको गठन, सबै सल्लाह गरेर सहमतिका साथ भएको थिएन।

पछिल्लोचोटिको केन्द्रीय समितिपछि मैले देखें, त्यो प्रचण्डसँग बदला लिने उद्देश्यद्वारा प्रेरित भए सबै निर्णयहरु। मैले गरेको कुनै नियुक्ति छ भने त्यसलाई हटाइदिने। कोही मान्छे मसँग भेट्न जाने गरेको थाहा पाइयो भने कुनै अफिसर, ब्युरोक्रेट्स, त्यसलाई ह्युमिलेट गर्ने र मसँग बदला लिने। यो बदला लिने कुरा कहाँसम्म पुग्यो भने दुईटा अध्यक्षको कुर्सी अगाडि हुन्छ, एउटा कुर्सी नै हटाइदिने।

यो कुर्सी हटउने प्राविधिक कुरा मात्रै होइन, त्यो व्यक्तिवादको र आफ्नो विचारभन्दा अलिकति फरक भयो भने त्यसलाई निषेध गर्ने निशेधात्मक सोचको परिणाम हो। र, अर्कोलाई अपमानित गर्ने, आफ्नै कामरेडलाई अपमानित गर्दा आनान्दानुभूति गर्नेखालको सोचको अभिव्यक्तिका रुपमा थियो त्यो। पछि यसबारेमा सचिवालयमा ठूलो छलफल चल्यो। योभित्र टेक्निकल कुरामात्रै छैन, विचार र प्रवृत्तिको कुरा हो।

### एकताका पक्षधर र फुटवादी सोचवीचको लडाइँ

अहिले पार्टी एकतालाई महत्व दिने र सुदृढ गर्ने ढंगले सोच्ने कि पार्टी एकता घाँडो भयो अब, माथि आइहालिएकै छ, माथि चढिएकै छ, भऱ्याङ्चाहिँ फालिदिने भन्ने ढंगले सोच्ने भन्नेबीच लडाइँ चलिराखेकै छ। हामी पार्टी एकता बचाउनुपर्छ भन्नेतिरबाट बल गरिराखेका छौं। अर्को, अध्यक्ष कमरेडले पार्टीको निर्णय मान्दिनँ भनेपछि पार्टी एकता बच्ने कुरा भएन।

पार्टी एकताका बेलामा भएका राजनीतिक सहमतिको कुरा गर्दा जनताको बहुदलीय जनवाद र २१ औं शताब्दीको जनवाद र माओवादसम्बन्धी मान्यतालाई आत्मसाथ गर्दै बदलिएको नयाँ परिस्थितिमा त्यसलाई परिमार्जन गरेर जाने भन्ने र हालका लागि समाजवाद उन्मुख जनताको जनताको जनवादका रुपमा कार्यदिशालाई व्याख्या गरिएको छ र महाधिवेशनसम्म त्यसलाई पनि परिमार्जन गर्ने पनि भनिएको छ।

तर, अहिले तपाईहरुले हेर्नुभयो भने देशभरि विभिन्न कार्यक्रमहरु भएका छन्, त्यसमा ब्यानरमा लेखिएको हुन्छ– जनताको बहुदलीय जनवाद जिन्दावाद [ र, त्यसअन्तर्गत कार्यक्रम हुन्छन्। स्थायी समितिका नेता पनि त्यहाँ गएर बोल्छन्।

मैले यदि पूर्वमाओवादीलाई राखेर माओवाद जिन्दावाद, २१ औं शताब्दीको जनवाद जिन्दावाद भनेर ब्यानर राख्ने, भाषण गर्ने गऱ्यो भने त्यो पार्टी एकताको पक्षमा हुन्छ कि पार्टी विभाजनतिर लाने कुराको उद्रोष हुन्छ ? मैले माओवाद भन्ने, अर्कोले जबज भन्न थालियो भने एकतामा छु भन्ने अर्थ रहँदैन। एकता विरोधमा गएको प्रमाण हुन्छ।

म जनताको बहुदलीय जनवादका बारेमा के भन्न चाहन्छु भने अहिले हाम्रो राजनीतिक प्रतिवेदनमा त्यसले इतिहासमा खेलेको भूमिकाका बारेमा सकारात्मक ढंगले उच्च मूल्यांकन नै गरेको छ। एक्काइशौं शताब्दीको जनवाद र माओवादी जनयुद्धको भूमिकाको पनि उच्च मूल्यांकन नै गरेको छ। र, आउँदा दिनहरुका लागि चाहिँ अब हामी समाजवादको यात्रामा अगाडि जाने हो, त्यसमा अहिलेको संक्रमणकालका लागि समाजवाद उन्मुख जनताको जनवाद भन्ने सहमति भइसकेपछि अब मैले माओवाद भन्ने, अर्कोले जबज भन्ने, अर्कोले एक्काइशौं शताब्दीको समाजवाद भन्न थालियो भने यो एकतामा छु भनेको केही अर्थ रहँदैन, यो फुटतिर गएको प्रमाण हुन्छ।

दोस्रो, हामी पार्टी एकता भएर अगाडि बढ्दै गएर पार्टी एकता सुदृढ गर्नको निम्ति स्थायी समितिको बैठक बसिराखेका छौं। स्थायी कमिटीको बैठककै वीचमा प्रधानमन्त्री स्वयंले पहल गरेर नेकपा एमाले भनेर निर्वाचन आयोगमा दर्ताको पहल गर्नु पार्टी एकताको पक्षमा भएको हुन्छ र ? यसले पार्टी एकता बनाइराख्न खोजेको देखाउँछ त ? भन्दा, विल्कुल देखाउँदैन। यसले पनि पार्टी एकताको पक्षमा होइन, फुटको पक्षमा भन्ने कुरालाई राम्रैसँग प्रमाणित गरेको छ।

पार्टीको बैठक चलिराखेको छ। हामी छलफल पनि गरि नै राखेका छौं। देशभर जिन्दावाद र मूर्दावादको नारा लगाउन लगाउने युवा विद्यार्थीहरुलाई बोलाएर। र, त्यही पार्टीका हामी नेताहरु, जसले सबै मिलेर नक्सा छापिनुपर्‍यो भन्यौं। नीति तथा कार्यक्रममा नक्साको विषय उल्लेख हुन पर्‍यो भनेर जसले भनेका छन्, ती चाहिँ दलाल हुने [ हिजो केन्द्रीय समितिको बैठकबाट, स्थायी समितिको बैठकबाट नक्सा छाप्नुपर्छ भनेर सरकारलाई सुझाव दिने पार्टीका निर्णयकर्ताहरु चाहिँ दलाल भनेर प्रचारित हुने [

अन्तिममा सचिवालयले नीति तथा कार्यक्रमसम्बन्धी राष्ट्रपतिले सम्बोधन गर्ने दिनमा नक्सा त हाल्नै पर्‍यो नीति कार्यक्रममा भनेपछि हाल्नेचाहिँ महान राष्ट्रवादी भनेर नेता–नेताका वीचमा विभाजित गर्ने। यो प्रक्रियाचाहिँ पार्टी एकताको पक्षमा हुन्छ कि फुटको ?

यी सबै कुराले एकातिर पार्टी एकताका पक्षधर र फुटवादी सोच राख्नेहरुका वीचमा पनि यो बहस चलिराखेको छ। अहिले चलिराखेको अन्तरसंघर्ष पदका लागि छिनाझप्टी विल्कुल होइन। पार्टी एकतासम्बन्धी अवधारणा, मार्क्सवादसम्बन्धी बुझाइ, संगठनात्मक सिद्धान्तप्रतिको प्रतिवद्धता र पार्टी एकताका हाम्रा सबै सैद्धान्तिक–राजनीतिक आधारहरुलाई पालन गर्ने वा नगर्ने भन्ने बहस हो यो। पुँजीवादतिर जाने हो या समाजवादतिर भन्ने विषयसँग यी सम्बन्धित छन्।

प्रगति वा दुर्गति, अग्रगमन वा पश्चगमन अन्ततः जनमतलाई कसले बढी प्रभावित पार्न सक्छ, त्यसमा भर पर्ने कुरा हुन्छ। जनमतलाई हामीले ठीक ढंगले प्रशिक्षित गर्न सक्दा क्रान्ति, अग्रगमन, प्रगतितिर, समृद्धि र समाजवादतिर जान सकिन्छ।

हामीले जनमतलाई त्यसरी प्रभावित गर्न सकेनौं र प्रतिक्रियावादी–अवसरवादीहरुले जनमतलाई भ्रमित पारे भने प्राप्त भएको क्रान्तिको उपलब्धी पनि खतरामा पर्छ, प्रगतिको बाटो अवरुद्ध हुने खतरा हुन्छ र पश्चगमनको खतरा हुन्छ।

यो पार्टीभित्र चल्ने बहस पार्टीको जीवनलाई मात्रै होइन, सरकार, प्रणाली र समग्र परिवर्तनकै भविष्यसँग यो अभिन्नरुपले गाँसिएको छ।

### खराब परिस्थितिका लागि पनि तयार होऔं

हामी कम्युनिस्टहरु जहिले पनि खराबभन्दा खराब परिस्थितिका लागि पनि तयारचाहिँ हुनुपर्छ। तर, राम्रोभन्दा राम्रो परिस्थिति निर्माण गर्न मेहनत गर्नुपर्छ।

सबै हाम्रो हातमा मात्रै हुँदैन। वर्गसंघर्षको नियम, समाज विकासको नियम, प्रकृतिको नियम आफ्नै हुन्छ। अहिले कोरोना आउला र कोरानाले संसारभरि यस्तो होला भन्ने त हामीलाई ६–८ महिना अगाडिसम्म त केही थाहै थिएन। कोरोना आयो र यसले विश्वकै अर्थतन्त्र, विश्वकै राजनीतिक प्रणाली र विश्वकै सोच्ने तरिकामा पनि परिवर्तनको अवश्यकतालाई प्रकट गरिराखेको छ। र नयाँ ढंगले नसोची नहुने बनाएको छ।

हाम्रो देशमा पनि कोरानाको कारणले जुन परिस्थिति सिर्जना भएको छ, यसले पनि थुप्रै जटिलता ल्याएको छ। कहिले महाभूकम्प जान्छ, त्यसले जनधनको भयानक क्षति गराउँछ। कहिले ठूला–ठूला बाढी पहिरोका कारणले ठूल्ठूला क्षतिहरु आउँछन्। र, त्यसको सामना गर्न हामी बाध्य हुन्छौं।

त्यसकारण हामी प्रगतिशील, अझ कम्युनिस्टहरुले राम्रोभन्दा राम्रो स्थिति बनाउनका लागि पहल गर्ने र मेहनत बढाउने तर खराबभन्दा खराब परिस्थितिका लागि पनि तयार भएर बस्ने। खराब परिस्थितिका लागि मानसिकरुपमा तयार भइएन भने खराब परिस्थिति आउँदाखेरि मान्छे अतालिएर नराम्रोसँग डिप्रेसनमा जाने खतरा पैदा हुन्छ। खराब परिस्थिति पनि आउन सक्छ भनेर तयारीका विभिन्न उपायहरु अवलम्वन गरिराख्यो भने त्यो खराब परिस्थितिको सामना पनि क्रमसः गर्न सकिन्छ।

हामी पार्टी एकता अक्षुण राख्न चाहन्छौं। तर, यो हाम्रो हातमा मात्रै हुने भएन। अर्को पक्षले हामीले भन्दाभन्दै पार्टी दर्ता गर्न जाने, भन्दाभन्दै देशभरि जुलुस निकाल्न जाने, यसो नगरौं पार्टी एकतालाई कमजोर पार्छ भन्दाभन्दै नारा र जुलुस गर्ने। भन्दाभन्दै एकलौटी निर्णयहरु गर्दै जाने। हामी यसो गर्नुहुँदैन भनेर वार्ता छलफलहरु पनि गरिराखेका छौं, अर्कोतिर एकलौटी निर्णयहरु पनि हुँदै जाने भयो भने यसले पार्टी एकतालाई मद्दत गर्छ त यसलाई गम्भीर ढङ्ग्ले उठाएको पनि छ। र, यी सबै चिजहरु अन्ततः पार्टी एकता, जनताको भावना, देशको आवश्यकतालाई मध्यनजर गरेरै गरेका छौं।

फेरि पनि हामी मानसिकरुपले चैं जस्तोसुकै परिस्थितिका लागि पनि तयार भयौं भने मात्रै यो लडाइँ जित्छौं। हिजो जनयुद्धका बेलामा हामी भन्थ्यौं, एक–दुईवटा मोर्चाहरु हारे पनि प्रायः लडाइँको ठूलो मोर्चा जितियो भने अब युद्ध जितियो भन्ने हुन्थ्यो र दुश्मनले घेरा हाल्छ भन्ने कुराप्रति ध्यान कम जान्थ्यो। र, उसले घेरा हालेर सरप्राइज्ड एट्याक गर्दा हामीले क्षती व्यहोर्नैपर्थ्यो। एक–दुईवटा क्षति व्यहोरिसकेपछि फेरि हामी राम्रो तयारी गर्ने, राम्रो तालिम लिने, राम्रो रेकी गर्ने, राम्रो हातहतियार व्यवस्था गर्ने रणनीति–कार्यानीति बनाउँथ्यौं र जित्थ्यौं।

***(नेकपाका कार्यकारी अध्यक्ष प्रचण्डद्वारा बुधबार काठमाडौंमा आयोजित एक भेलामा व्यक्त विचारको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको हो। पार्टीनिकटका पत्रकारसँगको सो भेलामा प्रचण्डसहित झलनाथ खनाल, माधव नेपाल नारायणकाजी श्रेष्ठसहित चारजना नेताले बोलेका थिए।)***

***सभार : अनलाईनखबरबाट***

# सिरहा नगरपालिकाले कोरोना नियन्त्रणमा खर्चे ५ करोड ९० लाख ?

लहान। सिरहा नगरपालिकाले कोरोना भाइरस (कोभिड–१९)को संक्रमण रोकथाम तथा नियन्त्रणमा ५ करोड ९० लाख ८६ हजार ४३० रुपैयाँ खर्च गरेको विवरण सार्वजानिक गरेको छ। जिल्ला स्तरीय कोभिड–१९ नियन्त्रण समितिले स्थानीय तहहरुलाई तीनदिन भित्र कोरोना रोकथाम तथा नियन्त्रणमा खर्च भएको विवरण बुझाउन तोकदा गरेका थिए। सोही अनुसार समितिमा बिहिबार १२ स्थानीय तहले खर्च विवरण बुझाएको समितिले सार्वजानिक गरेको छ।

त्यसमा सिरहा नगरपालिकाले माक्स खरिदमा २० लाख २ हजार ९ सय ९७, थर्मगन १५ हजार ७ सय ५३, ग्लोव्स ६८ लाख ८ हजार ८ सय, सेनिटाइजर १४ लाख १ हजार ९७, सावुन १७ लाख २ हजार १ सय ९५, पि.पि.ई. ९१ लाख ८ हजार ४ सय ९१, किटनाशक औषधि छरिर्ने स्प्रे ५ हजार, रेनकोट १९ लाख ३ हजार रुपैयाँको खरिद गरेको देखाएको छ। यसैगरी, रेनवुट ३१ लाख २ हजार १ सय ५०, डस्ना ४५ लाख ५ हजार ८ सय ५०, बेड २५ लाख ९ हजार ४ सय, झुल सुपानेट ३ लाख ३० हजार, तन्ना ४५ लाख ३ हजार ७ सय ७५, तकिया २० लाख ८ हजार ९ सय ५०, तकिया खोल ३ लाख १९ हजार २ सय ५०, कम्बल ४ लाख २४ हजार ५ सय ७५, स्प्रीट २ हजार ६ सय रुपैयाँको खर्च विवरण दिएको छ।

विद्युतिय सामाग्री ६ लाख ५६ हजार ६ सय २५, खानेपानी धारा सामाग्री खरिद २ लाख ५८ हजार ६ सय ५१, फलामे खाट ११ लाख ९४ हजार ६ सय ८५, किटनाशक औषधी छरिने स्प्रेठुलो १ लाख ४९ हजार ७ सय २५, क्वारेन्टाइन बस्नेको खाना, नास्ता र चिया ३१ लाख ८३ हजार ५ सय, जोखिम भता १३ लाख ५४ हजार, लामखुट्टे औषधि खरिद तथा छरकिने कार्य र सरसफाई १७ लाख ५० हजार खर्च गरेका छन्।

त्यसैगरी वडाबाट वडा नम्बर १ देखि २२ सम्म राहत वितरणमा २ करोड ७७ लाख ७९ हजार ४ सय, वडा १ देखि २२ सम्म माक्स, सेनिटाइजर, साबुन, ग्लोव्स वितरण १ कारोड ४ लाख ८४ हजार ९ सय १६ खर्च रहेका छन्।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।
–: जनहितका लागि :–
हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

# विकासका लागि उपभोक्ता समिति

## पालिका बहस

### डा. विजयप्रसाद मिश्र



हाम्रा गाउँ पालिका हुन् या नगरपालिका सबैले विकासका काम गरिरहेकै छन्। मह काड्नेले हात चाट्छ भनेजस्तै केहीले हातमात्र चाटे होलान। केहीले मह नै चम्पट पार्ने प्रयास गरे होलान। कोही बीच–बीचमा पर्ने स्वभावका होलान। कोही १० प्रतिशत भन्दा बढी खायौ भने ठीक हुन्न भन्ने मेयरहरु पनि छन्। कुनै पालिकामा मेयरको हैकम चलेको देखिन्छ भने कुनैमा कर्मचारीहरुको हैकम देखिन्छ। हैकम जसले गरेपनि नागरिकलाई विकास चाहिएको हो। विकास गर्ने मोडलहरु आ–आफ्नो हुन्छन्। नेपालमा स्थानीय तहमा गरिने विकासलाई समुदाय स्तरमा आवश्यकता पहिचान गरी समुदायलाई नै अग्रसर गराएर गर्नुपर्ने ऐन नियमहरु छन्। उपभोक्ता समितिबाट गर्नुपर्ने, योजना छनौट गर्दा बस्ती स्तरबाटै गर्नु पर्ने। सामाजिक न्यायको सिद्धान्तका आधारमा योजना छनौट गर्नु पर्ने। प्रस्तावित योजना मध्ये प्राथमिकतामा राख्ने बर्षभित्र सक्किनै योजना, आवधिक योजनाहरु, गुरु योजनाहरु कस्तो योजना चाहिने हो त्यस आधारमा योजनालाई वर्गिकरण गर्ने विधि छ। केही योजनाहरु कार्यान्वयनका लागि उपभोक्ता समितिहरु बनाउनु पर्ने हुन्छ। नयाँ आर्थिक वर्षको सुरुवात भएकोले अब उपभोक्ता समिति बनाउने मौसम शुरु भएको मानिन्छ। उपभोक्ता समिति भनेको के हो ? यो किन बनाइन्छ ? यसमा को को बस्न पाउँछन् ? कोको बस्न पाउँदैनन् ? योजना निर्माणमा यसले कसरी काम गर्दछ ? यस्ता विषयमा अहिले नागरिकलाई बढीभन्दा बढी जानकारी गराउनु आवश्यक छ।

गएको आर्थिक बर्षमा योजना निर्माण प्रक्रियाका बारेमा कतिपय पालिकाका सिमान्तकृत वर्गका मानिसहरुलाई नै थाहा थिएन। योजना ठूलाबडाहरुले घरमै बसेर, कार्यालयमा नै बसेर बनाउने गरेको गुनासो सुनिन्थ्यो। राजनीतिक पार्टीको प्रभावमा परेर नागरिकको आवश्यकता भन्दा नेताको आवश्यकता अनुसारको योजनाहरु बनेका हुन्थे। अहिले पनि त्यो क्रम केही नगरपालिकामा रोकिएको छैन्। जनचाहना अनुसार विकासका काम गरिएन भने त्यो दीगो हुन सक्दैन। दीगो विकासका लागि योजना छनौट प्रक्रियादेखि नै स्थानीय नागरिकहरुको सहभागिता आवश्यकता पर्दछ। योजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन सबै तहमा नागरिकको सहभागिता गराउनु पर्ने प्रावधान छ। विकासमा नागरिकलाई लिङ्क गर्न सकिएन भने त्यो विकासमा आत्मिएता हुँदैन। विकासका सबै पुर्वाधार हुन वा व्यक्तित्व विकासका लागि गरिएको क्रियाकलाप हुन सबैमा जसको लागि गरेको हो उसलाई त्यसप्रति भोक जगाउने, लिन इच्छा जगाउने, आफूपनि गर्छु भन्ने भावना बढाउने त्यसपछि योजनाको काम गरियो भने त्यसमा ममता हुन्छ। माया हुन्छ। यो विकासको काम गर्नु अघि मलाई पनि सोधिएको थियो। म पनि छलफलमा सहभागी थिए। हामीले भनेको आधारमा यो तयार भएको हो वा हुँदैछ भन्ने भावना नागरिकमा जगाउन सक्ने विकास नै सही विकास हो।

तसर्थ पालिकाहरुले अहिले योजना छनौट गर्ने काम सकेका छन्। जेजे गर्नुपर्ने थियो त्यो गर्न कतिले सके कतिले सकेनन् होला। कसैको योजना अझै पास भएका छैनन् होला। तर अब साउनदेखि विकासका योजनाहरु सुरु गरिहाल्नु पर्दछ। नागरिकको अगुवाइ, संरक्षण, समन्वयमा कामको सुरुवात गर्ने समयलाई धेरै तन्काउनु हुँदैन। असार महिनामा आएर वा आर्थिक बर्षको अन्तिममा आएर काम गर्ने प्रचलन भएको नगरपालिका वा गाउँपालिकाहरुले यसवर्ष साउनबाटै सुरु गर्नुहोस। बर्खाको बेला काम गर्दा गुणस्तर हुँदैन। ठेकेदारहरु हतार हतार काम गरेर मोटाउँछन्। काम राम्रो नभैदिनाले जनप्रतिनिधि र कर्मचारीले समेत जस पाउँदैनन्। जेठ असार महिना खेती किसानीको महिना पनि पनि गाउँमा धेरै किसानहरु छन्। उनीहरुलाई आफ्नै काममा व्यस्त हुन्छन्। उनीहरुलाई फुर्सत भएको बेला पारेर विकासका काम गरिदिंदा सबैले ध्यान दिन सक्दछन्।

अब उपभोक्ता समिति बनाउनु पर्ने बेला छ। शिक्षक, जनप्रतिनिधि, जनप्रतिनिधिका नातेदारहरु, सरकारी कर्मचारीहरु उपभोक्ता समितिमा बस्न पाउने छैनन्। उपभोक्ता समिति बनाउँदा अब यसमा बढी ध्यान दिनु पर्दछ। मिडियाले उपभोक्ता समिति बनाउँदा कहाँ कहाँ नियम मिचेर बनाइएको छ। त्यसको खोजी गर्नेछ। साउन लाग्यो विकासका लागि बन्ने उपभोक्ता समिति बनाउने आफ्नै नियमहरु छन्। ती नियमहरुको बारेमा सबै सरोकारवालाहरुलाई जानकारी हुनु पर्दछ। यो काममा मिडियाले प्रचार प्रसार गरेर सहयोग गर्न सक्दछ।

उपभोक्ता समिति बनाउने नियमहरु, यसको आचारसंहिता, गठन प्रक्रियाको बारेमा रेडियो, पत्रपत्रिका, सोसलमिडियामा सबै जनप्रतिनिधिहरुले प्रकाशन गर्ने, कस्तो अवस्थामा ठेक्का लगाउने ? कस्तो अवस्थामा उपभोक्ता समिति बनाउने भन्ने विषयमा व्यापक जानकारीहरु समुदाय स्तरमा टोलटोलमा गराउनु पर्दछ। पाठकहरुले आफूले यसबारेमा जानकारी लिन चाँसो देखाउनु पर्दछ। ऐनकानूनको पुस्तकहरु पढ्नु पर्दछ। स्थानीय स्तरमा विभिन्न राजनीतिक पार्टीहरु छन्। उनीहरुले पनि नागरिकलाई जानकारी गराउनु पर्दछ। कतिपय कर्मचारीहरुलाई समेत उपभोक्ता समिति निर्माण प्रक्रिया र यसमा को को सहभागी हुन पाउने र नपाउने बारेमा जानकारी नभएको देखिएको छ। नगरपालिका वा गाउँ पालिकाले उपभोक्ता समिति निर्माण प्रक्रियाका बारेमा सार्वजनिक सूचना जारी गरेर आफ्नो वेभ साइटमा वा मिडियामा लेख अन्तर्वार्ताहरु दिएर, विज्ञापन दिएर नागरिकलाई यसबारेमा सुसूचित गराउनु पर्दछ।


**बिष्णुपुर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बिष्णुपुर, सप्तरी**

**२ नं. प्रदेश, नेपाल**

**प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : (२०७७/०४/२३)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७/०७८ च.न. २३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस बिष्णुपुर गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिदसहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क.स | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७७/७८ | प्राविधिक सहायक | स्थानिय सेवाको पाँचौ तह सरह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः–**
   - क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको।
   - ख) **अनुभव र सीपः–** प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्ने छ :-
     - कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको।
     - पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीपसहित कम्तिमा ६ महिनाको अनुभव भएको।
   - ग) **उमेरः–** कम्तीमा १८ बर्ष पूरा भई ४५ वर्ष ननाघेको।

२. **दरखास्त दिने स्थानः–** बिष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय।

३. **दरखास्त दिने अन्तिम मितिः–** २०७७/०५/०५ गतेसम्म।

४. **आवेदनको दस्तुरः–** रू. १०००/- (एक हजार मात्र)।

५. **छनौटको किसिमः–** प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा (लिखित परिक्षाको मिति प्रारम्भिक योग्ताक्रमका सूची सँगै प्रकाशन गरिनेछ)।

६. **आवेदन साथ संलग्न कागजातहरुः–** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू:-
   - नागरिकता
   - न्यूनतम् योग्यताको लब्धांक प्रमाणपत्र
   - अनुभव खुल्ने कागजात
   - २ प्रति पासपोर्ट आकारको फोटो

७. **सेवा सुविधाः–** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुने छ।

८. **पदले सम्पादित गर्नुपर्ने कार्य विवरणः–** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुने छ।

**नोटः–** आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरणलगायत अन्य जानकारी **www.pmep.gov.np** मा उपलब्ध छ।

**नि. प्रमुख प्रशासकिय अधिकृत**


# १८ सय वर्ष कैद भुक्तान र १२ करोड जरिवाना असुल्न बाँकी

सिरहा। सिरहा जिल्ला अदालतले फैसला सुनाएका विभिन्न मुद्दाका कसूरदारको एक हजार आठ सय १४ वर्ष आठ महिना १९ दिन कैद सजाय भुक्तान बाँकी रहेको छ। जिल्ला अदालतले गत आर्थिक वर्ष ०७६/७७ असार मसान्तसम्म कैदतर्फ पाँच सय ४३ वर्षदुई महिना १६ दिन र जिम्मेवारीमा सरेर आएकोआव ०७५/७६ सम्मको एक हजार आठ सय ६३ वर्ष १० महिना १७ दिन कैद सजायमध्ये पाँच सय ९२ वर्ष चार महिना १४ दिन कैद सजाय भुक्तान भएको जनाएको छ। अदालतका निमित्त श्रेस्तेदार सीताराम खड्काका अनुसार कसूरदार फरार रहेको, कतिपयको फरार अवस्थामै मृत्यु भएकोलगायत कारणले कैद भुक्तान हुन बाँकी रहेको हो।

अदालतले आव ०७५/७६ सम्मको १२ करोड १६ लाख ६२ हजार १२ रुपैयाँ र आव ०७६/७७ को ६९ लाख २१ हजार चार सय ३६ गरी १२ करोड ८५ लाख ८३ हजार चार सय ४८ जरिवानामध्ये ७० लाख ६१ हजार एक सय ६० रुपैयाँ जरिवाना असुल गरेको निमित्त श्रेस्तेदार खड्काले बताए। 'फैसला सुनाइएका मुद्दामा अझै १२ करोड १५ लाख २२ हजार दुई सय ८८ रुपैयाँ जरिवाना असुल्न बाँकी देखिन्छ, उनले भने। 'अदालतले फैसला सुनाउनुअगावै फरार रहेका कसूरदारहरूको जरिवाना सामेल रहेकाले बढी देखिएको हो, उनले भने, 'फैसला कार्यान्वयन अभियानको क्रममा फरार कसूरदारहरूलाई पक्राउ गरी जरिवाना असुल गरिनेछ।

जिल्ला अदालतले गत आव ०७६/७७ मा अदालतमा दर्ता भएकामध्ये ३८ दशमलव ६ प्रतिशत मुद्दा किनारा लगाएको छ। अदालतले जिम्मेवारी सरेर आएको आव ०७५/७६ सम्मको दुई हजार दुई सय नौ र आव ०७६/७७ को दुई हजार ६ सय ८७ मध्ये एक हजार आठ सय ८८ मुद्दा मात्र फैसला भएको जनाएको छ। फैसला बाँकी रहेका तीन हजार आठ मुद्दामा १८ महिनादेखि दुई वर्षभित्रका तीन सय ४९, दुई वर्ष नाघेका तीन सय ५९, एक वर्षदेखि १८ महिनासम्म पाँच सय ४९, ६ महिनादेखि एक वर्षसम्मका नौ सय ६२ र ६ महिनासम्मका सात सय ८९ मुद्दा रहेको अदालतले जनाएको छ।

आव ०७६/७७ को फागुनसम्म लक्ष्यअनुसार प्रगति भए पनि चैत लागेसँगै कोरोना महामारीको कारणले लकडाउन भएपछि अदालतसमेत बन्द हुँदा लक्ष्य भेट्टाउन नसकिएको निमित्त श्रेस्तेदार खड्काको कथन छ। 'वार्षिक लक्ष्य ६९ प्रतिशत थियो, लकडाउन नभएको भए सहजै लक्ष्य भेट्न सकिन्थ्यो, उनले भने।

लहानपोस्ट् दैनिकका लागि **प्रकाशक : भरत जर्घामगर, सम्पादक** : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी **कम्प्यूटर ले–आउट : लहानपोस्ट् दैनिक कार्यालय** :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)